नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८
चलानी नं. २९४९

मिती :- २०७७।१२।११

विषयः - निर्णय कार्यान्वयन सम्वन्धमा।

श्री जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक ।
श्री सशस्त्र प्रहरी वल नेपाल, सिन्धुपाल्चोक ।
श्री स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक ।
श्री स्थानीय तह, सबै
सिन्धुपाल्चोक

प्रस्तुत विषयमा मिति २०७७।१२।११ गते यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री **अरुण पोखरलेको** अध्यक्षतामा बसेको District Covid-19 Crisis Management Center (**DCCMC**) को वैठकबाट भएको निर्णय तपसिल बमोजिम भएकाले तहाँ पालिका/कार्यालयसँग सम्वन्धित विषयहरु कार्यान्वयनका लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

निर्णयहरु:-

१. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. २८६७ मिति २०७७/१२/०९ गतेको पत्रानुसार छिमेकी मुलुक भारतमा हाल कोभिड-१९ को प्रकोप बढ्दै गएको र मृत्यूदरमा समेत वृद्धि भईरहेको सन्दर्भमा कोभिड- १९ को संक्रमण बढ्न नदिन निम्न थप स्वास्थ्य सुरक्षा सम्वन्धि मापदण्ड पालना गर्ने, गराउने निर्णय गरियो । निम्न:-

- कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टिन, आइसोलेसन केन्द्रलाई तयारी अवस्थामा राख्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने र स्वास्थ्य केन्द्रहरुवाट प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन स्वास्थ्य कार्यालयलाई निर्देशन दिने।
- कोभिड-१९ संक्रमण थप फैलन नदिन विद्युतिय माध्यमवाट चेतनामुलक सन्देश प्रशारण गर्ने र स्वास्थ्य परीक्षण गराई संक्रमणको अवस्था पहिचान गर्ने ।
- **Sanitizer, Mask and Social Distance (SMS)** मापदण्ड पालना गर्न/गराउन कडाई गर्ने ।फागुपुर्णिमा र नया वर्षको सन्दर्भमा होटल, रेष्टुरेन्ट लगायत स्थलहरुमा अनावश्यक भिडभाड हुन नदिने, सेवाग्राहीहरुलाई त्यस्ता स्थानको प्रवेशद्धारमा ज्वरो परिक्षण एवं कोभिडका लक्षणहरु जाँचवुझ गरेर अनिवार्यरुपमा मास्क लगाएर मात्र प्रवेश गराउने र पर्याप्त मात्रामा हात धुने व्यवस्था बा ह्याण्ड स्यानीटाइजरको व्यवस्था मिलाउने र दुरी कायम गरी वस्ने व्यवस्था मिलाउन अनुरोध गर्ने । सो को अनुगमन स्थानीय तहहरु र सुरक्षा निकायहरुले गर्ने ।फागु पुर्णिमा र नयावर्षमा मेला/ भिडभाड नगर्ने, धेरै मानिसहरु भेला हुने कार्यक्रम आयोजना नगर्ने र अनिवार्यरुपमा जनस्वास्थ्य मापदण्ड पालना गर्न सर्वसाधारण सम्पूर्णमा अनुरोध गर्ने ।
- मास्क नलगाउनेहरुलाई संक्रामक रोग ऐन बमोजिम कारवाही गर्ने, गराउने ।
- रात्रीकालिन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा जिल्लाको कोभिड-१९ संक्रमणको अवस्था समेत विचार गरी भिडभाड हुन नदिने व्यवस्था मिलाउने।

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८

सीमा नाकाहरुवाट आउने व्यक्तिहरुको सम्वन्धमा:

- यात्रुहरुको आवतजावतलाई व्यवस्थित गरी निजहरुको अनिवार्यरुपमा अभिलेख राख्न सुरक्षा निकायहरु र हेल्थ डेस्कलाई निर्देशन दिने।
- नेपाल प्रवेश गर्ने यात्रुहरुलाई अनिवार्यरुपमा स्वास्थ्य परीक्षण गराएर मात्र प्रवेश गर्ने दिने र सो को व्यवस्थापन स्वास्थ्य कार्यालयले मिलाउने ।
- तातोपानी नाकामा संचालित हेल्थ डेस्कलाई प्रभावकारीरुपमा संचालन गर्ने ।
- अन्तराष्ट्रिय नाका तातोपानीमा आवतजावत गर्ने व्यक्तिहरुलाई COVID-Antigen परिक्षणको लागि Test Kit उपलब्ध गराउन स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।.
- हाल छिमेकी मुलुक भारत तथा अन्य देशहरुमा कोभिड-१९ संक्रमण वृद्धि हुदै गइरहेको सन्दर्भमा भारत तथा अन्य प्रभावित मुलुकवाट आएका व्यक्तिहरुको अभिलेख राख्ने अनिवार्यरुपमा होम वा संस्थागत क्वारेन्टाईनमा कम्तिमा १० दिन राख्ने, लक्षण/संकेत देखिएमा परिक्षणको लागी पहल गर्ने र कोभिड-१९ विरुद्ध जनस्वास्थ्य मापदण्डहरु अपनाउने सम्वन्धि सचेतना अभियान सञ्चालन गर्न स्थानीय तहहरु र सरोकारवाला निकायहरुलाई अनुरोध गर्ने ।
- सार्वजनिक यातायातका साधनहरुमा यात्रा गर्ने यात्रुहरुलाई अनिवार्यरुपमा मास्कको प्रयोग गर्न लगाउने र यात्रुहरुलाई ढोकामा ह्याण्ड स्यानीटाइजर उपलब्ध गराउन यातायात व्यवसायी र यात्रीहरुलाई अनुरोध गर्ने ।साथै सार्वजनिक सवारी साधनहरु गन्तव्यमा पुगि यात्रु झारिसकेपछि अनिवार्यरुपमा निसंक्रमण (Disinfection) गर्ने गराउने व्यवस्थाको लागि यातायात व्यवसायीहरुलाई अनुरोध गर्ने।
- हाल विद्यालय तथा कलेजहरु संचालन भइरहेको सन्दर्भमा विद्यालय/कलेजहरुमा आउने विद्यार्थी/शिक्षक/प्राध्यापक एवं कर्मचारीहरुले अनिवार्य रुपमा मास्कको प्रयोग एवं जनस्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गर्ने।

(बाबुराम खनाल)
स.प्र.जि.अ

स. प्रमुख जिल्ला अधिकारी